आज मिति २०७५ साल आश्विन २२ गते विहान १२:०० बजे मनहरी गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री एकराज उप्रेतीज्यू को अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| श्री एकराज उप्रेती | गाउँपालिका अध्यक्ष | अध्यक्ष | |
| श्री मनिला विष्ट | गाउँपालिका उपाध्यक्ष | उपाध्यक्ष | |
| श्री आनन्द घलान | २ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री गोपिलाल मोक्तान | ६ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री ठाकुरराम तितुङ्ग | ७ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री दिलबहादुर स्याङ्तान | ८ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री ध्रुव खड्का | ४ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री मान बहादुर स्याङ्तान | ३ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री साधुराम अधिकारी | ९ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री शुभराज थिङ्ग | ५ नं. वडा अध्यक्ष | सदस्य | |
| श्री कृष्ण बिडारी | महिला सदस्य | सदस्य | |
| श्री पम्फा रोका | महिला सदस्य | सदस्य | |
| श्री राधा देवि खकुराल पाठक | महिला सदस्य | सदस्य | |
| श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य | राममाया |
| श्री गीता कुमारी प्रजा | दलित वा अल्पसंख्यक सदस्य | सदस्य | |
| श्री बिर्शकसेन ढकाल | प्रमुख प्रशासकीय अधिकृत | सचिव | |

आमन्त्रित/बैठक सहयोगी

श्री पुष्कर सुवेदी — ८ नं. वडा सदस्य

एकराज उप्रेती
अध्यक्ष

निर्णय नं. १ मिति २०७५/०६/२२ गते भुमि व्यबस्था,सहकारी तथा गरिबि निबारण मन्त्रालयबाट तयार भएको सहकारी बजार बिकास कार्यक्रम(CMDP)संचालन गर्ने सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गर्न यस मनहरी गांउपालिकाको तर्फबाट अध्यक्ष श्री एकराज उप्रेतीलाइ अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.२

यस आ.व.०७५/०७६मा खेलमैदान निर्माण तथा मर्मत संभार शीर्षकमा बिनियोजीत रकम रु.८ लाख बाट वडा नं ५ को बशन्तपुर खेलकुद चौर मर्मतका लागी रु.३५०००।,प्रत्य वडालाई खेलकुद सामग्री (फुटबल भलिबल लगायत नेटहरु) खरीद गरी टोल स्तरका खेलाडीलाइ वितरण गर्न रु. दश/दश हजार बिनियोजन गर्ने र चाडबाडको उपलक्ष्यमा वडा तथा गांउपालिका स्तरीय खेलकुद प्रतियोगीता सम्पन्न गरी सहयोगका लागी माग गर्ने तपशीलका संस्था समिती तथा क्लबहरुलाइ तपशील बमोजीम सहयोग गर्न रकम बिनियोजन गर्ने निर्णय गरियो ।

तपशील

| सि.नं | संस्था/क्लब/समिति/समुह | ठेगाना | सहयोग रकम |
|---|---|---|---|
| १ | श्रृजनशिल युवा समुह | मनहरी ३ | १५००० |
| २ | श्री चुरीयामाइ युवा क्लब | मनहरी ७ | २५००० |
| ३ | श्री नमुना युवा क्लब | मनहरी १ | १५००० |
| ४ | लामीटार युबा क्लब | मनहरी ३ | २५००० |

निर्णय नं.३

गांउपालिकाको आर्थिक ऐन २०७५ बमोजीम नदीजन्य पदार्थ गैरकानुनी रुपले उत्खनन,संकलन तथा निकासी कार्यमा संलग्न सवारी साधनबाट असुल हुने जरीवाना शुल्कको २५ प्रतिशत सम्म रकम स्थानिय प्रहरीलाइ त्यस्तो कार्यलाइ रोकथाम तथा नियन्त्रणमा सहयोग गरेबापत प्रोत्साहन स्वरुप उपलब्ध गराउने गर्ने निर्णय गरियो ।

निर्णय नं.४

गांउपालिकाको आ.व.२०७५/०७६ को सभाबाट निर्णय भएका गत आ.ब.का भुक्तानी दिन बांकी र चालु आ.ब.मा बाढी पैरोको कारण तत्काल बस्ती बचाउ तथा जनधनको क्षति रोकथाम गर्न अध्यक्षको आदेशबाट सम्पन्न भएका तपशीलका योजनाहरुको भुक्तानी तपशील शीर्षकबाट बिनियोजन गरी नियमानुसार खर्च गर्ने निर्णय गरियो ।

तपशील

| सि. नं. | योजनाको नाम | स्थान | भुक्तानी गर्नु पर्ने रकम | बिनियोजन गर्ने शीर्षक |
|---|---|---|---|---|
| १ | मनहरी खोला गेज ढुङ्गा फुटाउने | मनहरी ७ | १००००० | बिपद व्यबस्थापन |
| २ | रासी भङ्गालो फर्काउने | मनहरी ६ | ५००००० | बिपद व्यबस्थापन |

एकराज उप्रेती
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ३ | चकरी खानेपानी | मनहरी १ | १५०००० | गतबर्षको दायीत्व |
| ४ | मनहरी रुपाचुरी बिधुत बिस्तार योजना | मनहरी ६ | ३००००० | गतबर्षको दायीत्व भुक्तानी |
| ५ | भोजशिद्ध मा.बि. खानेपानी योजना | मनहरी ५ | २५०००० | गतबर्षको दायीत्व भुक्तानी |

निर्णय नं.५

गांउपालिका का २,४,५,६,८ र ९ नं वडा कार्यालयहरुमा सरसफाइको लागी ०७५ श्रावण १ देखिनै दैनिक ज्यालादारीमा काममा लगाइएका मजदुर हरुलाइ सोही अवधिदेखि मासिक ७००० का दरले डोरहाजीर प्रमाणीत गराइ चालु खर्च शीर्षकको फोहरमैला व्यबस्थापन शीर्षकबाट रकम भुक्तानी हुने गरी वडाको सरसफाइकार्य लाइ निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं.६

वडा नं ६ मा बिभिन्न पूर्वाधार बिकासका कार्यक्रम तथा सामुदायीक बनले काष्ठ लिलामी गर्दा गांउपालिकाले संकलन गर्ने आन्तरीक कर उठाउने कार्यमा स्थानिय युवा तथा वडाका जनप्रतिनिधीहरु परिचालन हुदा भएको खाना खाजा र गाडीभाडा रु.१५०००।कन्टीन्जेन्सी शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।त्यसैगरी वडा नं ६ र ७ मा बिधुत भोल्टेज सुधारको लागी तारपोल लगायत समान लोड अनलोड,पोल ढुवानीको भाडा टान्सफरमर जडान लगायत कार्यमा संलग्न प्राबिधिक लगायतले खाना खाजा खाएको भनि नबिन सुबेदीबाट प्राप्त बिलभरपाइ बमोजीम रु.२६६४०। मर्मत संभार कोषबाट भुक्तानी दिने निर्णय गरियो ।साथै वडा नं २ मा श्रावण २०७५ मा बैंकबाट सामाजीक सुरक्षा भत्ता बितरण गर्ने सिबिरमा सहजीकरण गर्दा भएको रु.१६१६०।(अक्षेरेपी सोर हजार एक सय साठी मात्र) सामाजीक सुरक्षा भत्ता व्यवस्थापन शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.७

मिति २०७५/०५/२२ मा गांउशिक्षा समिति द्वारा गठीत युनाइटेड बोर्डिङ्ग स्कुलको बिबाद सम्बन्धमा गठीत कार्यदलको लागी बिबिध खर्च शीर्षकबाट रु.५०००० बिनियोजन गरी प्राप्त बिलभरपाइ बमोजीम भुक्तानी गर्ने निर्णय गरियो ।